# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, माघ १४ गते २०५३ साल (संख्या ४१


## भाग ३

### श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

#### परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मीदेवी प्रसूति गृह विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५३

परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मीदेवी प्रसूति गृह विकास समिति (गठन) आदेश, २०४६ मा संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस आदेशको नाम "परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मीदेवी प्रसूति गृह विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५३" रहेको छ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मीदेवी प्रसूति गृह विकास समिति (गठन) आदेश, २०४६ को दफा ३ मा संशोधन : परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मीदेवी प्रसूति गृह बिकास समिति (गठन) आदेश, २०४६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :–

"३. समितिको गठन:

३.१ परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मीदेवी प्रसूति गृह विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२ उपदफा ३.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

३.२.१ वरिष्ठ चिकित्सकहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति —अध्यक्ष

३.२.२ लब्ध प्रतिष्ठित समाजसेवीहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत बढीमा तीनजना —सदस्य

३.२.३ परोपकार संस्थाका प्रतिनिधि दुईजना —सदस्य

३.२.४ प्रतिनिधि, स्वास्थ्य मन्त्रालय —सदस्य

३.२.५ समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा कन्सल्टेन्ट चिकित्सक, मेडिकल अधिकृत र पारामेडिकल तथा नर्सिङ स्टाफमध्येबाट मनोनीत बढीमा चारजना —सदस्य

३.२.६ मेट्रोन, प्रसूति गृह सदस्य

३.२.७ निर्देशक, प्रसूति गृह सदस्य-सचिव

३.३ उपदफा ३.२.१, ३.२.२ र ३.२.५, बमोजिमका मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

३.४ श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

तर उपदफा ३.२.३ बमोजिमका सदस्यहरू थपघट वा हेरफेर गर्दा श्री ५ को सरकारले परोपकार संस्थाको परामर्श लिनेछ ।

३.५ समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।"

३. <u>मूल आदेशको दफा ४ मा संशोधनः</u> मूल आदेशको दफा ४ को उपदफा ४.२.४ को सट्टा देहायको उपदफा ४.२.४ राखिएको छः–

"४.२.४ प्रसूति गृहको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद श्रृजना गरी त्यस्तो पदमा समितिले आफ्नै स्रोतबाट तलब भत्ता दिने गरी स्थायी, अस्थायी, ज्यालादारी वा करारमा कर्मचारी नियुक्त गर्ने वा श्री ५ को सरकारको स्विकृति लिई श्री ५ को सरकारको सेवामा कार्यरत कर्मचारीहरूलाई काजमा लिने ।"

आज्ञाले,
घनानाथ ओझा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले कर्मचारी संचय कोष (आठौं संशोधन) ऐन, २०५३ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन मिति २०५३ साल माघ १५ गते देखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।